# घरपझोङ राजपत्र

**घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : ६) जोमसोम, श्रावण १४ गते, २०८२ साल (संख्या : ०५)**


## भाग - २

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय मुस्ताङको**
**सूचना !**

### घरपझोङ गाउँपालिकाको मौरी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना:**

घरपझोङ गाउँपालिका भित्र मौरीको क्षेत्र विस्तार गरी कृषकको जीवनस्तर उकास्न र मौरी मार्फत परागसेचनमा वृद्धि गरी स्याउ लगायतका फलफूल र बालीहरुका उत्पादकत्व वृद्धि गर्न मौरी पालन वाञ्छनीय भएकोले, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम “ घरपझोङ गाउँपालिकाको मौरी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२” रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "समूह" भन्नाले घरपझोङ गाउँपालिकामा प्रचलित कानून बमोजिम दर्ता भएको कृषक समूह सम्झनु पर्छ।

(ख) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पर्दछ।

(ग) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चानमा रहेका फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले यस कारयविधिको दफा ७ बमोजिम गठित प्रस्ताव छनोट तथा मूल्याङ्कन समिति सम्झनु पर्दछ।

(ङ) "शाखा" भन्नाले घरपझोङ गाउँपालिका अन्तर्गतको कृषि सम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्दछ।

(च) "कार्यक्रम" भन्नाले मौरी पालन कार्यक्रम सम्झनु पर्दछ।

३. **कार्यक्रमको उद्देश्यः** मौरी प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) आधुनिक प्रविधिको प्रयोगबाट मौरीको क्षेत्रफल विस्तार तथा सुदृढिकरणद्वारा महको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

(ख) गाउँपालिकामा महको आयातलाई निरुत्साहित गर्ने।

(ग) मौरी पालनमा कृषि समूह तथा फर्महरुलाई आकर्षित गर्ने।

(घ) मौरी चरन मार्फत फलफूल(स्याउ/नास्पति/आरु आदि) तथा अन्य अन्नबालीमा परागसेचन मार्फत उत्पादकत्व वृद्धि गर्ने।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रकृया

४. **प्रस्ताव आव्हान गर्नेः** (१) गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनको क्रममा कृषि फर्म, समूह तथा सहकारीबाट माग संकलन गर्नका लागि बढिमा १५ दिने सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्न अनुसूची १ बमोजिमको ढाँचा प्रयोग गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यकता अनुसार पर्याप्त प्रस्ताव तथा आवेदन पर्न नआएमा म्याद थप गरी सूचना पुनःप्रकाशन गर्न वाधा पर्ने छैन।

५. **प्रस्ताव पेश गर्नेः** (१) दफा ४ बमोजिम प्रस्ताव आव्हान भएपछि ईच्छुक फर्म, समूह वा सहकारीले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फारम र अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको अवधिभित्र आवेदन शाखामा पेश गर्नु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम घरपझोङ गाउँपालिकामा दर्ता भई क्रियाशिल रहेका कृषि फर्म वा कृषक समूहले व्यवसायिक मौरी पालनका लागि प्रस्ताव पेश गर्न सक्नेछ।

६. **<u>मौरी पालक/आवेदक कृषकहरुलाई मौरीपालन सम्बन्धी तालिमः</u>** मौरीपालक कृषक/व्यवसायीहरुलाई आवश्यकता अनुरुप आधारभूत मौरीपालन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

७. **<u>शाखा जिम्मेवार हुनेः</u>** कार्यक्रम सञ्चालनका लागि प्रमुख जिम्मेवारी शाखाको रहनेछ।

८. **<u>प्रस्ताव मूल्याङ्कन तथा छनोट समिति रहनेः</u>** (१) तोकिएको समय सिमाभित्र बिधिवत रुपमा पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी फर्म तथा समूहको छनोट गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा छनोट समिति रहनेछ,

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष
(ख) सहकारी फोकल पर्सन -सदस्य
(ग) प्राविधिक शाखा प्रमुख -सदस्य
(घ) पशु शाखा प्रमुख -सदस्य
(ङ) कृषि शाखा प्रमुख -सदस्य सचिव

***<u>नोटःसमितिको बैटकमा आवश्यकता अनुसार गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।</u>***

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाचबुझ गर्ने।
(ख) आवेदनसाथ पेश भएका प्रस्तावको मूल्याङ्कन गर्ने।
(ग) आवेदन पेश गर्ने आवेदक फर्म तथा फर्मको निरीक्षण तथा अनुगमन गर्ने, गराउने।
(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि फर्म तथा समूह छनोट गर्ने।

९. **<u>प्रस्ताव मूल्याङ्कन छनोट र सम्झौता प्रक्रियाः</u>** (१) प्रचलित कानून बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ८ को उपदफा (१) बमोजिमको समितिबाट मूल्याङ्कन हुनेछ। त्यसरी प्रस्ताव मूल्याङ्कन गर्दा अनुसूची-४ बमोजिमको मापदण्डका आधारमा गरिनेछ।

(२) उपदफा(१) बमोजिम प्रस्तावको प्रारम्भिक मूल्याङ्कन गर्दा आवेदन साथ संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरीक्षण र थप मूल्याङ्कनका लागि योग्य मानिने छ।

(३) समितिले आवश्यकता अनुसार अनुसूची-४ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रही थप मूल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ।

(४) प्रारम्भिक छनोटमा परेका प्रस्तावहरुको अनुसूची-४ बमोजिमका आधारमा स्थलगत निरिक्षण गरी मूल्याङ्कन गर्नुपर्नेछ।

(५) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको देखिएमा त्यस्ता प्रस्तावहरुलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

(६) कार्यक्रम सञ्चालनका लागि पर्याप्त फर्महरुको आवेदन पर्न आएमा फर्म तथा समूह छनोट गर्दा जम्मा सङ्ख्याको वीस प्रतिशत हुने गरी वैकल्पिक फर्म र समूह समेत छनोट गरिनेछ।

(७) छनोट भएका फर्म वा समूहले समयमै कार्यक्रम सञ्चालन नगरेमा उपदफा(६) बमोजिमको वैकल्पिक फर्म वा समूहलाई गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनका लागि अनुमति दिनेछ।

१०. **कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराइने:**(१) कार्यक्रम सञ्चालनका लागि मौरी, घार सेट, सुरक्षा उपकरण आदिमा गाउँपालिकाले ५०% अनुदान उपलब्ध गराउनेछ।

## परिच्छेद-२

## सम्झौता र अनुदान प्रवाह प्रक्रिया

११. **लागत इस्टिमेट र सम्झौता:** (१) प्रस्ताव छनोट पश्चात फर्म वा समूहले प्रस्ताव अनुसार सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्वेक्षण गराएर लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि शाखामा पेश गर्नुपर्नेछ।

(२) स्वीकृत इस्टिमेटको आधारमा गाउँ कार्यपालिकाको कार्यालय र फर्म वा समूहवीच अनुसूची-५ बमोजिको सम्झौता गरिनेछ।

(३) फर्म वा समूहले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होडिङ्ग बोर्ड सर्वसाधरणले देख्ने गरी राख्नु पर्नेछ।

१२. **खर्च सम्बन्धी व्यवस्था:** (१) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

(२) फर्म वा समूहलाई कामको प्रगति अनुसार कार्य सम्पन्नता पश्चात सम्झौता बमोजिम अनुसारको रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

(३) एक प्रस्तावकलाई प्रस्तावित योजना र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको आधारमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ।मूल्याङ्कन गर्दा प्रत्येक वडाबाट कम्तीमा एक फर्म वा समूह छनोट हुनेगरी गरिनेछ।

## परिच्छेद-४

## अनुगमन तथा विविध

१३. **अनुगमन र मूल्याङ्कन:**(१) कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी समितिको हुनेछ।

(२) उपदफा(१) को अतिरिक्त घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय र शाखाबाट समेत अनुगमन तथा निरीक्षण कार्य गरिनेछ।

१४. **प्रचलित कानून बमोजिम हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएका विषयहरुको हकमा यसै बमोजिम र कार्यविधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. **संशोधन र खारेजी गर्न सकिनेः** यस कार्यविधिमा कुनै हेरफेर वा थपघट गर्नु परेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**अनुसूची-१**

**(दफा ५ को उपदफा १ सँग सम्बन्धित)**

**मौरी पालन कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आव्हानको सूचना**

**सूचना(पहिलो पटक सूचना प्रकाशित मिति :....................)**

आर्थिक वर्ष.........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तर्फको व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम रहेका हुँदा इच्छुक कृषि फर्म तथा कृषक समूहबाट दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र (अर्थात मिति................. गते भित्र) तपसिल बमोजिमका कागजातहरु संलग्न राखि रितपूर्वक कृषि शाखामा प्रस्ताव बुझाउनु हुन सुचित गरिएको छ।यस सम्बन्धमा थप जानकारीका लागि गाउँपालिकाको कृषि शाखामा सम्पर्क गर्न सकिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

**तपसिलः**

| क्र.सं. | कार्यक्रमको नाम | पटक | रकम(रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | मौरी पालन कार्यक्रम | | | |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. अनुसूची-२ अनुसारको आवेदन।

२. अनुसूची-३ अनुसारको प्रस्ताव।

३. संस्था दर्ता प्रमाणपत्रको, स्थायी लेखा नम्बर र करचुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

४. कार्यक्रम सञ्चालनको लागि संस्थाको आधिकारिक निर्णय तथा अख्तियारीको माइनटको फोटोकपी।

५. अख्तियारी प्राप्त गरेको पत्र र अख्तियारी प्राप्त गरेको व्यक्तिको नेपाली नागरिता प्रमाणपत्रको प्रतिलिपि।

६. कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गाको लालपूर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा भए न्यूनतम १५ वर्ष करार सम्झौता पत्रको प्रतिलिपि।

७. वडा कार्यालयको सिफारस पत्र।

८. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिप।

**अनुसूची-२**

**(दफा ५ को उपदफा २ सँग सम्बन्धित)**

**आवेदन फारम**

**मितिः**

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**घरपझोङ गाउँपालिका, जोमसोम, मुस्ताङ।**

**विषय : अनुदान उपलब्ध गराइदिनुहुन।**

मेरो कृषि फर्म/कृषक समूहबाट मुस्ताङ जिल्ला, घरपझोङ गाउँपालिका, वडा नं. ..... अन्तर्गत ................ स्थानमा ...................... मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोले सोका लागी लागत अनुमान रु................. मध्ये रु. ............... मेरै/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. ............... अनुदान पाउने व्यवस्थाका लागि निवेदन पेश गरेको छु/छौं।

**निवेदक**
**दस्तखतः**
**नाम थरः**
**पदः**
**सम्पर्क नं.**

**कृषि फर्म/कृषक समूहको**
**नामः**
**ठेगानाः**
**छापः**

**अनुसूची-३**
**(दफा ५ को उपदफा २ सँग सम्बन्धित)**
**प्रस्तावको ढाँचा**

१. कृषि फर्म/कृषक समूहको नामः
२. ठेगानाः
३. मौरी घार सङ्ख्याः
४. विस्तार हुन सक्ने घार सङ्ख्याः
५. परियोजनाको उद्देश्यः
६. अपेक्षित प्रतिफलः
७. लागत बजेटः

| क्र.सं. | क्रियाकलापको नाम | जम्मा लागत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

८. दिगोपनाको योजनाः(कम्तिमा ५ वर्षको कार्य योजना)
➢

प्रस्तावक संस्थाको नामः
ठेगानाः
दस्तखतः
मितिः
संस्थाको छापः

## अनुसूची-४

**(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)**

**प्रस्तावको मूल्याङ्कन मापदण्ड**

| क्र.सं. | मूल्याङ्कनको आधार | मूल्याङ्कन प्रासाङ्ग | | |
|---|---|---|---|---|
| | शिर्षक/अंकभार | न्यून | सामान्य | उत्तम |
| १ | घार सङ्ख्या र विस्तारको सम्भाव्यता | ० | ५ | १० |
| २ | भौगोलिक र वातावरणीय उपयुक्तता | ० | ५ | १० |
| ३ | मौरी पालनका विषयमा प्राविधिक ज्ञान, सीप र अनुभव | ० | ५ | १० |
| ४ | निरन्तरताको योजना | ० | ५ | १० |
| ५ | मौरीपालनमा संलग्नताको अवस्था | ० | ५ | १० |
| ६ | बजारीकरणको योजना | ० | ५ | १० |
| | जम्मा | | | |

- यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्कन प्रयोजनका लागी समितिले sub-criteria बनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सक्नेछ। आवश्यक अवस्थामा प्राविधीक उपसमिति गठन गरी प्रतिवेदन माग गर्न सक्नेछ।

**अनुसूची-५**

**(दफा ९ को उपदफा २ सँग सम्बन्धित)**

**सम्झौता-पत्र**

यो सम्झौता पत्र **घरपझोङ गाउँपालिका** (यस पछि पहिलो पक्ष भनिएको ) र **.................................................,** घरपझोङ गाउँपालिका वडा नं. ............, ............ (यस पक्षि दोस्रो पक्ष भनिएको ) बीच तपसिलको शर्त वमोजिम हामी दुवै पक्ष मन्जुर छौं।

यो सम्झौता, सम्झौता भएको मिति ............ साल ............. महिना .......... गते देखी प्रारम्भ भएको मानिने छ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/ इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मिति ............. साल ................ महिना ......... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१.यस सम्झौता बमोजिमको मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ दोस्रो पक्ष आफैले नगरि अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

२.सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु.................. (अक्षरुपी.........................................) र दोस्रो पक्षको लागत सहभागिता रु................ (अक्षरुपी ................................) व्यहोरिनेछ ।

३.दोस्रो पक्षले सम्झौता बमोजिमको कार्यक्रम अन्तर्गत व्यवसाय/ उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी वा गैह्र सरकारी संघ संस्थाबाट सहयोग अनुदान प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

४.दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

५.दोस्रो पक्षले रैथाने बालि प्रवर्द्धन कार्यक्रम अन्तर्गत व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि public Audit गराउनुपर्नेछ ।

६.प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदा प्रथम पक्ष समक्ष बिल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेइ चेक मार्फत भुक्तानी दिइनेछ ।

७.दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनुपर्नेछ ।

८.दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम तोकिएको मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य स्वीकृत प्रस्तावना /ईष्टिमेट अनुसार पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्नेछ।

९.सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१०.यो सम्झौता पत्र घरपझोङ गाउँपालिका क्षेत्र अन्तर्गतको .................................... र घरपझोङ गाउँपालिका बीच मौरी पालन कार्यक्रम सहयोग गर्ने प्रयोजनको लागि प्रयोग गरिनेछ ।यस सम्झौतामा देहायको बमोजिम क्रियाकलाप सञ्चालन गरिनेछ ।

| क्र.स. | क्रियाकलाप/कार्यक्रम | फर्मको साझेदारी | गा.पा.को साझेदारी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |

११.सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

१२.भुक्तानीको लागि:

खातावालाको नामः

बैंकको नाम/शाखाः

खाता नम्बर :

१३.यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |
| कार्यलयको छाप: | संस्थाको छाप: |
| **रोहवर:** | |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| ठेगाना: | ठेगाना: |
| मिति: | मिति: |

**आज्ञाले**

वेदहरि अधिकारी
घरपझोङ गाउँ कार्यपालिकाको
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८२/०४/१४